# पुँवार खड्का-केही आधारभूत चर्चा

+चन्द्रबहादुर खड्का

## वंशोत्पत्ति

दोलखा जिल्लामा पर्ने चिलंखाका खड्काहरूलाई त्यहाँ उनीहरूको बसोबासबारे सोधनी गर्दा यस्तो जवाफ पाइन्छ -"हामी पुँवार खड्काहरूको पुर्खा उज्जैनको धारा नगरबाट आएका हुन् । यहाँ चाँहि हामी पश्चिमबाट आएका हौं ।"

चिलंखाका पुँवार खड्काहरूको वंशावलीमा[1] यिनीहरूको उत्पत्तिको वर्णन यसरी गरेको पाइन्छ- ऋषि वशिष्ठ एक समय उज्जैनको वनमा तपस्यागरी बसेका थिए । एक दिन राजा विश्वामित्र त्यही वनमा शिकार खेल्न जाँदा रात परेकाले ऋषि वशिष्ठकै आश्रममा बास बसे । त्यहाँ वशिष्ठको नन्दिनी नामक एक गाई थिइन् । त्यस रात राजालाई जे जस्तो प्रकारका भोजनहरू चाहिन्थ्यो ती सबै तिनै गाईको दूधको माध्यमबाट तयार पारिएको देखि राजा विश्वामित्रले भोलिपल्ट ऋषिसँग ती गाई आफूलाई दिनुहोस् भनी मागे । तर धेरै अनुरोध गर्दा पनि ऋषिले दिन नमाने पछि राजाले बलपूर्वक भए पनि ती गाईलाई आफूकहाँ लैजाने अठोट गरेर आफ्ना सेनालाई ती गाईको हरण गर्ने आदेश दिए । जब राजाका सेनाले आफूलाई ऋषिको आश्रमबाट अपहरण गर्न लागेका थिए, त्यसै बखत ती गाईले क्रोधपूर्वक ठूलो शब्द निकालिन्, फलस्वरुप उनको अंग प्रत्यङ्गबाट अनेक योद्धाहरू प्रकट भए र ती गाईलाई अपहरण गरिनबाट जोगाई दिए । त्यस प्रकार गाईको अंगप्रत्यङ्गबाट प्रकट भएका योद्धाहरू मध्ये गाईको पौन (फुँकार) बाट पुँवार ( परमार) हरु प्रकट भएका थिए । कालान्तरमा यही वंशमा जगदेवको जन्म भएको थियो भन्ने समेतका कुराहरु पनि उल्लेख भएको छ ।

यस्तै किसिमको कुरा महाभारत आदि पर्वमा पनि यसरी उल्लेख भएको पाइन्छ - ऋषि वशिष्ठको नन्दिनी गाईलाई राजा विश्वामित्रको फौजले हरण गर्न

---

1 श्री विष्णुगजाधर खड्काकहाँ भएको वंशावली

खोज्दा गाईको अंगप्रत्यङ्गबाट खस लगायत विभिन्न थरिका वीर योद्धाहरू प्रकट भई राजाको फौजलाई हराएर गाईलाई हरण हुनबाट बचाएका थिए।[२]

यही कुरालाई इतिहासमा चाहि यसरी वर्णन गरिएको छ- हर्षवर्धनको समयदेखि मुसलमानहरूको विजयकालसम्म उत्तर भारतमा विभिन्न वंशका क्षत्रीय राजपूतहरूले राज्य गरेका थिए। तिनमा "पँवार" (परमार) वंश पनि एक थियो। यस वंशका आदि पुरुषलाई ऋषि वशिष्ठले आफ्नो गाईको रक्षाको लागि अग्निकुण्डबाट अभिसृष्ट गरेका थिए।[३]

यसरी माथि उल्लेखित कुराहरू तर्फ पौराणिक दृष्टिकोणबाट विचार गर्दा अहिलेका पुंवारहरूको उत्पत्ति ऋषि वशिष्ठको गाईको रक्षार्थ भएको प्रतित हुन्छ।

## बसोबास तथा विस्तार

इतिहास अनुसार पहिले यी पँवारहरू आबु पहाडी क्षेत्रको अचलगढ (भारतको मध्य प्रदेशमा पर्ने) तर्फ रहन्थे। नवौं शताब्दीमा उपेन्द्र नामक एक सरदारले मालवा (हाल भारतको मध्य प्रदेश अन्तर्गत पर्ने) विजय गरेर त्यहाँ यस वंशको जग बसालेका थिए। यस वंशका राजाहरूको राजधानी धारानगरी (धारा) थियो। उज्जैन पनि मालवाकै एक भाग थियो। राजा भोज पनि यसै वंशका थिए।[४]

सम्वत ९०९ मा यदुवंशी राजा विजयराजका पुत्र देवराजले मरु क्षेत्रको एउटा सानो भूखण्डमा किल्ला बनाएर त्यसको नाम देवगढ वा देवरावल राखेका थिए। त्यही देवरावलका यशोकर्ण नामका वैश्यलाई धारानगरी गएको अवस्थामा धारापति वृजभानु पँवारले धनवान ठानी बन्दी बनाएर उनको धन लिई छाडि दिएको कारण त्यस कुराबाट आफ्नो अपमान भएको ठानी देवराजले यस अपमानको बदला पँवार राजासँग नलिएसम्म पानीसम्म पनि नखाने प्रतिज्ञा गरेका

2 संक्षिप्त महाभारत प्रथम खण्ड, गीता प्रेस पृष्ठ ९६

3 डा. रमाशंकर त्रिपाठी - प्राचीन भारतका इतिहास, पृष्ठ २७०

4 उही

थिए । तर युद्धद्वारा पँवार राजालाई हराउन नसकेपछि कुनै प्रकारबाट भए पनि आफ्नो प्रतिज्ञा पूरा गर्नका लागि आफ्ना सेनामा भएका पँवारहरूबाट एउटा नक्कली धारानगरी बनाउन लगाई त्यसलाई जितेको देखाएर आफ्नो प्रतिज्ञा पूरा गरेका थिए भन्ने कुरा पनि इतिहासमा उल्लेख भएबाट धारानगरीमा त्यतिबेलै पुँवारवंशको राज्य रहेको देखिन्छ । पँवार वंश र धारानगरी बीचको सम्बन्ध तलको दोहाबाट पनि पुष्टि हुन्छ ।५

जहाँ पँवार तहां धार है, जहाँ धार तहाँ पँवार ।

धारक विना पँवार नही नहीँ पँवार विन धार ॥

उक्त वंशावलीमा पद्मिनीको कारण बादशाहसँग एतराजी पर्दा यिनीहरू उज्जैनबाट गढ चित्तौर आए र त्यहाँबाट पनि विभिन्न दिशातर्फ लागे । यिनीहरू मध्ये केही पँवारहरू काली तरी नेपाल तर्फ आए र एक भाइ पुँवारले डोटीको ढिक्पुर्चुण्डीमा मानिस खाने राजा मारी राज्यबसाले भन्ने कुरा पनि उल्लेख भएको पाइन्छ ।

यस सम्बन्धमा इतिहास तर्फ दृष्टि दिंदा दिल्लीमा सुलतान अल्लाउद्दिन खिलजीले शासन गरेको समयमा चितौरमा राजपूत राजा रत्नसिंह राज्य गर्दथे । उनकी पत्नी त्यति बेला नाम चलेकी सुन्दरी थिइन । तिनको अनुपम सौन्दर्यको कारण सुल्तान अल्लाउद्दीन पद्मिनीलाई आफ्नो बनाउन चाहन्थे । त्यसैकारण सन् १३०३ मा चितौर माथि हमला गरी कब्जा जमाए । तर पद्मिनीले भने शत्रुको हात पर्नु अघि नै अग्निमा फालहाली आत्महत्या गरिन् ।६ यसरी चितौर राज्य मुसलमानी राज्यमा मिल्यो भन्ने कुरा वर्णन गरेको पाइन्छ । पद्मिनीलाई कुनै

---

5 राजस्थान इतिहास, दोस्रो भाग, पृष्ठ -४८५, ४८८, ४८९

6 Dr. Ashirbadi Lal Srivastava - The Sultanate of Delhi, pp.162 "Early in 1303 however, Ala-ud-din resolved to conquer it (Mewar) and starting from Delhi on 28th January, besieged its capital Chittor. It is said that his principal motive was to secure Padmini, the peerless queen of the reigning king, Ratna Singh, and reputed to be the most beautiful and accomplished woman in the country ................. Ratna Singh had to submit (26th August 1303). The women performed the awful rite of jouhar to save their honour and the exasperated Ala-uddin gave brutal orders for the slaughter of his brave enmies".

इतिहासकारले रत्नसिंहको पत्नी र कसैले भीमसिंहको पत्नी भनि उल्लेख गरेको पाइन्छ ।

वंशावलीमा भएको पद्‌मिनी र वादशाहको उल्लेखले यसै घटनातर्फ इंगित गरेको हो कि जस्तो लाग्छ । यसरी विचार गर्दा चितौरमा सन् १३०३ मा मुसलमानहरूले हमला गरेको हुँदा त्यहाँका राजपूतहरूको सहयोगको लागि केही जगदेव वंशका पँवारहरू मालवाको उज्जैनबाट चितौर आएका र चितौरमा राजपूतहरूको पराजय भएपछि ती पँवारहरू कालान्तरमा महाकाली नदी पार गरी नेपाल तर्फ प्रवेश गरेको अनुमान हुन्छ । अल्लाउँद्दीनकै सेना नायक ऐनउल्‌मुल्कद्वारा दिसम्बर ९, १३०५ मा मालवाका अन्तिम पँवार राजालाई जिते पछि त्यहाँ यस वंशको राज्यको अन्त भएको थियो ।[७]

यसरी नेपाल तर्फ आएका मध्ये एक भाइ पुँवारले डोटीको ढिक्‌पुर्चुण्डीमा मानिस खाने राजा मारी राज्य बसालेको भन्ने कुरा उल्लेख भएको सम्बन्धमा त्यसैसँग मिल्दाजुल्दो किंवदन्ती ढिक्‌पुर्चुण्डी तर्फ पनि रहेको पाइन्छ- एक पटक ढिक्‌पुर्चुण्डी (पहिले डोटी र हाल बैतडी जिल्ला अन्तर्गत पर्ने) मा एक राजा थिए । तिनलाई मानिसको मासु खुब मिठो लाग्थ्यो । त्यसैले तिनले आफ्‌नो राज्यमा पालैपालो प्रत्येक घरबाट एउटा मानिस राजाको शिकारको लागि राजा कहाँ जानुपर्ने चलन चलाएका थिए ।

एक दिन एउटा बटुवा साँझमा बास बस्न त्यस घरमा पुगे । राती त्यस घरका जहानहरूमा निकै रुवाबासी भएको ती बटुवाले सुने । त्यसको वास्तविकता बुझ्‌न उनले घरधनीसँग सोद्धा घरधनीले बताए- “भोलि बिहानै हाम्रो घरबाट एक जवान राजाको शिकारको लागि राजा कहाँ जानु पर्छ । म भन्छु मेरो बृद्ध अवस्था

---

7 -J. Allan, M.A./Sir T.Waiseley Haig K.C.I.E., C.S.I., E.M.G., M.A., H.H. Dodwill, M.A., -The Cambridge Shorter History of India PP. 178 "Malwa had hitherto been little molested by the Muslims. Iltutmish had advanced as far as Chanderi, and 'Ala-ud-din had sacked Bhilsa, but those was mere raids. The country was now invaded with a view to its conguest, and an army under 'Ain-ul-mulk, governor of Multan, defeated on December 9, 1305, a great Hindu force under Koka or Haranand, a Raja of the Paramara tribe of Rajputs and the muslims became masters of Ujjain, Madu, Dhar, and Chanderi."

भएकोले मैले जानु राम्रो हुन्छ । तर छोरा भन्छ म हुँदाहुँदै तपाई जानु हुँदैन, म जान्छु । यसै कुराले गर्दा घरमा रुवाबासी भइरहेको छ ।" यो कुरा सुनेपछि ती बटुवाले उनीहरूको बदलामा आफू राजाको शिकारको लागि जाने प्रस्ताव राखेर घरधनीलाई बडो मुस्किल साथ मनाए ।

उता राजाले आफ्नो शिकारको लागि आउने मानिसलाई आफ्नो दरबारमा रहेको कालीको मन्दिर अघिल्तिर लगेर तेलको कराहीमा निहुरिएर आफ्नो छायाँ हेर्न लगाउने र छाँया हेर्न निहुरिएको बखत खड्गले काट्ने गरेका थिए । यो कुरा ती बटुवाले घरधनीबाट थाहा पाइसकेका थिए । भोलिपल्ट जब उनी राजा कहाँ पुगे राजाले उनलाई तेलको कराहीमा आफ्नो छाँया हेर्न भने । तर चतुर बटुवाले कसो गर्नु पर्ने हो आफूले नजानेको हुँदा एक पटक राजाले गरेर देखाइ दिन आग्रह गरे । जब राजाले वटुवालाई सिकाउनको लागि भनि कराही माथि निहुरिएका मात्र के थिए बटुवाले आफुसँग लुकाइ लगेको खड्गले राजालाई काटिदिए । त्यसरी आफ्नो रैतीलाई खाने राजालाई मारिदिए पछि त्यहाँका जनता खुसी भई तिनै बटुवालाई राजा बनाएपछि केही समय उनले त्यहाँ राज्य चलाएका थिए भन्ने यस किंवदन्तीबाट पनि ढिक्पुर्चुण्डीमा मानिस खाने राजा मारी पुँवारले राज्य बसाले भनि वंशावलीमा उल्लेख भएको कुरालाई पुष्टि गर्न केही हदसम्म बल मिल्छ ।८

ढिक्पुर्चुण्डीमा पहिले खड्काहरूको राज्य भएको बारे यी तलका कुराहरूबाट पनि पुष्टि मिल्छ - पहिले स-साना राजालाई रजबार भन्ने चलन थियो । डोटी जुन बेलामा एक विशाल राज्यको रुपमा थियो र झण्डै अहिलेको सम्पूर्ण सेती र महाकाली अञ्चल क्षेत्रमा विस्तृत थियो त्यही बेला त्यहाँ विभिन्न रजबारहरू रहेका थिए । त्यस मध्ये "पुर्जुडा रजबार" पनि एक थियो ।९

यसबाट पुर्जुडा (पुर्चुण्डी ?) मा पहिले रजबार थिए भन्ने देखिन आउँछ र डोटीका केही खड्काहरूले आफ्नो नामको पछाडि "रजबार" भनि लेख्ने गरेको

---

8 डोटीका तत्कालीन रा.प.स. लालबहादुर खड्कासँगको वार्ताबाट

9 प्राचीन नेपाल अंक ३०-३९, पृष्ट ६३

पनि पाइएको हुँदा त्यहाँका रजबार यिनै खड्काहरू थिए भन्ने बलियो धारणा बन्न आउँछ।[10]

पूर्णप्रकाश नेपाल 'यात्री' को कथनानुंसार डोटीकै मकारीकोटमा पनि कुनै समयमा पुँवारवंशीय राजा चतुरी खड्काले राज्य गरेका थिए । यसबाहेक योगी नरहरिनाथले कोटकाँडानेरको चौकोटलाई पनि खड्काहरूको पुरानो राज्य हो भनि उल्लेख गर्नु भएको छ ।[11]

यसैगरी थलहरा (हाल बझाङ्ग जिल्लामा पर्ने)मा पनि पहिले खड्काहरूले राज्य गरेको र पछि बझाङ्गी राजा शक्तिसिंहका भाइ जक्तिसिंहले थलहरामा मोटो ( मोटु) खड्कालाई मारी आफू त्यहाँको राजा भएको कुरा त्यहाँको वंशावलीबाट देखिन्छ । यसबाट थलहरामा पनि पहिले थनालहरूको, त्यस पछि खड्काहरूको र त्यसपछि सिंहहरूको शासन भएको कुरा प्रष्टिन्छ । उक्त मोटो (मोटु) खड्काबारे अरु बढी जानकारी भने प्रकाशमा आएको पाइएको छैन ।[12]

कुनै समयमा जुम्ला जिल्लाको फानचौर भन्ने टाकुरामा पनि खड्काहरूले राज्य गरेको कुरा जुम्लामा किंवदन्तीको रुपमा रहेको छ र त्यहाँ अझै पनि मन्दिरहरूको भग्नावशेष पाइन्छ भनि रत्नाकर देवकोटाले उल्लेख गर्नु भएको छ ।"[13]

जुम्लाकै कालीकोटमा पनि पहिले खड्काहरूको राज्य थियो र त्यहाँका अन्तिम खड्का राजा अर्जुनसिंह खड्कालाई जितेर मलयबमका छोरा मेदिनी बर्माले राज्य लिएका हुन् भन्ने कुरा त्यहाँ चर्चित छ ।

भोजपुर जिल्ला दाँवा गाउँका पुँवार खड्काहरूको पुर्खा पनि पहिले धारानगरबाटै नेपाल आएका र उनीहरू क्रमशः लमजुङ्ग, गोरखा, ओखलढुंङ्गाको

---

10 योगी नरहरि नाथ - इतिहास प्रकाशमा सन्धिपत्र संग्रह-पूर्णपाठ परिशिष्ट-३

11 ऐ, ऐ. पृष्ठ -७७९

12 प्राचीन नेपाल संख्या ३०-३९, पृष्ठ-६२

13 रत्नाकर देवकोटा - नेपाली त्रैमासिक अंक ९२

कुवापानी हुँदै भोजपुरको दाँवामा बसोबास गर्न पुगेका हुन् भन्ने कुरा थाहा हुन आएको छ ।[१४]

यसरी सुरुमा नेपालको पश्चिमी क्षेत्र डोटीतर्फ रहेका पुँवार खड्काका सन्तानहरू कालान्तरमा देशको मध्य र पूर्वी माग तर्फ बसोबास गर्न पुगेको देखिन्छ । वंशावलीमा पनि सुरुमा डोटीमा रहेका पुँवारहरू मध्ये एक भाइ डोटीमै बसेका र अरु भाइहरू प्युठान, पाल्पा, लमजुङ् तथा पर्वत तर्फ बसोबास गर्न पुगेको कुरा उल्लेख भएको र उक्त स्थानहरू तर्फ पुँवार खड्काहरूको निकै बसोबास भएको पाइने हुँदा वंशावलीको कुरालाई पुष्टि मिल्छ । यो क्रम क्रमशः बढ्दै गई हाल देशको सुदूरपश्चिमी भागदेखि सुदूरपूर्वी भागसम्म पनि अत्याधिक संख्यामा यिनीहरूको बसोबास भएको देखिन्छ ।

यस प्रकार खड्काहरूको बसोबास विस्तार क्रमशः पूर्व तर्फ बढ्दै गएको भाषिक दृष्टिकोणबाट पनि पुष्टि हुन्छ । यस सम्बन्धमा इतिहास शिरोमणी बाबुराम आचार्य भन्नुहुन्छ - पश्चिम पट्टिबाट गोरखा र तनहुँसम्म खसहरू (पहिलेका लेखहरूमा क्षेत्रीलाई खस भनेर लेख्ने गरेको पाइन्छ) आवद हुँदै आए पछि यिनीहरू मल्ल राज्य भित्र पनि पसे । पहिले पहिले यिनीहरूलाई खेत आवाद गर्न दिएनन् । त्यसैले यिनीहरू पाखा आवाद गरी घरजम गरेर बसे । विस्तारै-विस्तारै मल्लराजाहरूले यिनीहरूलाई खेत आवाद गर्न पनि दिए र यिनीहरूको खस भाषा मुर्मी, सेर्पा र नेवारहरूले पनि जान्न, बुझ्न थाले र यिनीहरूमा आपसी सहयोग हुन थाल्यो । खस कुरानै यिनीहरूको बीचमा एकता ल्याउने साधन भयो । यो खस भाषा दोलखा राज्यका कामी, सुनुवारसम्मले बुझ्न थाले र आपसी एकता स्थापित गर्न थाले ।[१५]

## थर, गोत्र तथा प्रवर

पूँवारहरुले कालीको पूजा गर्दा आपसमा काम बाँडे, जसमध्ये जेठाले कालीको खड्ग लिने गरेको हुँदा खड्का भनिने लागे । त्यसैगरी कामकै आधारबाट अरु

---

14 भोजपुर दाँवाका स्व. सुब्बा दुर्गाबहादुर खड्का सँगको वार्ताबाट

15 बाबुराम आचार्य - नेपालको संक्षिप्त वृत्तान्त खण्ड १, पृष्ठ-१२८

भाइहरू पनि थापा, विष्ट,दानी,बुढाथोकी आदि भनिन लागे भन्ने कुरा वंशावलीमा उल्लेख भएको छ ।

यस प्रकार पुँवारवंशी एकै दाजुभाइहरू काम विशेषको आधारबाट खड्का, थापा, विष्ट, दानी, बुढाथोकी आदि थरमा विभक्त भएको भन्ने कुराको सम्बन्धमा अध्ययन गर्दा गोरखा (हाल लमजुङ्मा पर्ने) रागिनास मोहरियाकोटका सरदार भक्ति थापा तथा यिनका सन्तान पनि पुंवारवंशी तथा कपिल गोत्री भएको कुरा योगी नरहरिनाथले उल्लेख गर्नुभएको पाइएको छ ।१६

त्यस्तै सेती अंचल तर्फका विष्टहरूको वंशावलीमा उनीहरूलाई पुँवार विष्टनै भनेर उललेख गरिएको कुरा पूर्णप्रकाश नेपाल 'यात्री' ले जनाउनु भएको छ ।१७

दोलखा जिल्लाको खारे खम्वदिङ् भन्ने स्थानमा वसोवास गरेका फौदसिंह, सुरबीर बुढाथोकीहरूका सन्तान पनि आफूलाई पुँवारवंशी तथा कपिलगोत्री नै भएको बताउँछन् ।

यसरी अहिले पनि नेपालको विभिन्न स्थानमा बसोबास गर्ने जातिहरूमा पुँवार खड्का, पुँवार थापा, पुँवार विष्ट, पुँवार दानी, पुँवार बुढाथोकी आदि एकै वंश र एकै गोत्र भएका विभिन्न थरका क्षेत्रीहरू पाइने हुँदा वंशावलीको यस कुरामा सत्यता रहेको पाइन्छ ।

त्यसैगरी अर्को ठाउँमा पूर्णप्रकाश नेपाल 'यात्री' लेख्नु हुन्छ- श्रीपाली खड्काहरू जो आफूलाई "पँवार खड्का" भनेर चिनाउँछन्, पनि कपिल गोत्र र पञ्च प्रवरान्त बताउँछन् । वंशमा भने श्रीपाली विष्ट पनि 'पँवार विष्ट' भन्न लागेका छन् ।१८

---

16 योगी नरहरिनाथ - इतिहास प्रकाशमा सन्धिपत्र संग्रह, पृष्ठ-३७३ र सरदार भक्ति थापा स्मृति ग्रन्थ, २०५६, पृष्ठ ४४

17 पूर्णप्रकाश नेपाल 'यात्री'- सेती अंचल दिग्दर्शन, पृष्ठ - ३४८

18 प्राचीन नेपाल, संख्या ८१, वैशाख जेठ २०४१, पृष्ठ ६ नेपाली खण्ड

अतः यस प्रकार पुराना लेखहरूमा अहिलेका पुँवारहरूलाई पुँवार नभनी “पँवार” भन्ने उल्लेख भएबाट यिनीहरू पँवारवंशी रहेछन् भन्ने कुरा प्रष्ट देखिन आउँछ ।

वंशावलीमा खड्ग लिने काम गरेको कारण खड्ग लिने पुँवारको थर खड्का बन्न गयो भनिएको छ । म्याग्दी निवासी पूर्व सहायक मन्त्री दीपबहादुर खड्काले पनि आफ्नो आत्मकथा लेख्दा बाग्लुङ्ग तर्फका पुँवार खड्काहरूको वंशावलीमा उनीहरूका पुर्खा चक्र पुँवरले देवीको खड्ग बोकेको हुँदा उनलाई खड्का पदवी दिइएको थियो भन्ने उल्लेख गर्नु भएको छ ।[१९]

योगी नरहरिनाथले “खड्गाह” शब्दको निर्वचन गर्दै षड्गाह-खड्गग्राह-खड्गग्रह-खड्गग्राही-खड्गधारी भनि उल्लेख गर्नुका साथै अधिकारी, कार्की, खड्गाह, बुढाथापा अडै इत्यादि शब्द राज्याधिकार सूचक हुन् र राज्याधिकार सूचक पदहरू पुराना हुँदै थरमा रुढ भएका छन्-भन्नु भएको छ ।[२०]

गोपाल राजवंशावलीमा पनि खड्ग लिनेलाई “खड्गग्रह” भन्ने उल्लेख गरेको र पुराना लेखहरूमा अहिलेका खड्काहरूलाई “खड्गाह” भनि लेखिने गरेबाट यस कुराको पुष्टि हुन आउँछ । उदाहरणको लागि शाके १२७८ को पृथ्वीमल्लको कनकपत्रको एक उद्धरण यहाँ प्रस्तुत छ - जुम्ला दुलुँ, कुइना पाताला राकस्कोटका अधिकारी कार्की खड्गाह बुढा थापा छिद्याँका अडै अधिकारी वियापारी सभौ प्रति ।[२१]

त्यसै गरी इतिहासविद् तथा अनुसन्धाता धनवज्र बज्राचार्यले पनि खड्गाह सरकारी पदलाई बुझाउने शब्द हो र यसबाट खड्ग लिने राजाका अंगरक्षक “खड्गाह” कहलाउँथे र पछि यो शब्द थर बन्न गएको देखिन्छ भन्नु भएको छ ।[२२]

---

19 दीपबहादुर खड्का - मेरो आत्मकथा, दोस्रो संस्करण २०५४, पृष्ठ-१५०

20 योगी नरहरि नाथ - इतिहास प्रकाश, अंक २ भाग १, पृष्ठ - ५२

21 बालकृष्ण पोखरेल - पाँचसय वर्ष - ६ र ७

22 कर्णाली प्रदेश एक बिटो अध्ययन, पृष्ठ-५०

पूर्णप्रकाश नेपाल 'यात्री' पनि मध्यकालीन राज्य व्यवस्थाका सैनिक संगठनको तालिका अध्ययन गर्दा खड्काको तात्पर्य गुल्मपति वा शस्त्रागारको प्रमुख पद थियो भन्ने जानिन्छ भन्नुहुन्छ ।२३

उपरोक्त सबै कथन तथा उद्धरणहरू उपर विचार गर्दा सुरुमा कालीको खड्ग लिई अंगरक्षकको रुपमा काम गर्ने गरेको कारण त्यस्तो कामगर्ने पुँवारलाई "खड्गग्राह" भन्न थालियो होला । कालान्तरमा त्यही खड्गग्राह शब्दको अपभ्रंश "खड्गाह" र अनि अहिलेको "खड्का' भएको अनुमान हुन्छ । यही शब्द कुनै समयमा सरकारी पदलाई बुझाउने शब्द बन्न पुगेको र त्यसपछि थर बन्न आएको देखिन्छ ।

यस आधारबाट विचार गर्दा "खड्का" शब्द पहिले जाति सूचक नभई पेशा सूचक भएको र पछि आएर मात्र यसलाई जाति सूचक मानिन लागेको पाइन्छ । यसबाट के थाहा हुन्छ भने पुँवार खड्काहरूको जात "क्षत्रीय" हो । पेशा वा काम विशेषबाट यिनीहरूको थर "खड्का" बन्न गयो । पँवार वंशका भएको हुँदा यिनीहरूलाई त्यसैको अपभ्रंश रुप "पुँवार" भनियो र कपिल मुनिको शिष्य वा अनुयायी भएको कारण यिनीहरूको गोत्र "कपिल" हुन गएको हो अथवा वशिष्ठको गाई (कपिला)बाट वा त्यसैको कारणबाट उत्पन्न भएको हुनाले पनि कपिल गोत्र भएको हुन सक्दछ । किनभने शास्त्रमा "शंशो द्विधा विद्यया जन्मना च" भनेर वंशक्रम विद्या परम्परा (गुरुकुल) र जन्म दुबैबाट चल्ने बताइएको पाइन्छ । यस मध्ये विधा परम्पराबाट चलेकोलाई नाद वंश तथा बाबु-आमाबाट जन्म भई चलेकोलाई विन्दु वंश भन्ने प्रचलन पनि छ ।

प्रवरमा पुँवार खड्का कपिल, आदर, पद्मदेव, कात्यायनी, देवराज समेत गरि पञ्चप्रवरान्त भएको कुरा वंशावलीमा उल्लेख भएको छ । म्याग्दी निवासी दीपबहादर खड्काले पनि "मेरो आत्मकथा" पुस्तकमा बाग्लुङ्का पुँवार खड्का चक्रपुँवारको पुर्खाको परिचय दिने क्रममा वंश केलाउँदा "कपिल गोत्र आदर पद्मदेव कात्यायनी देवराज पंच प्रवराय अथ शाखा उज्जैनगढ धारानगरी जागा जगदेउ" भन्ने पाइएको उल्लेख गर्नु भएको छ । डोटीको तिखामा बसोबास गरेका पुँवार खड्काहरूले पनि आफ्नो गोत्र "कपिल" हो भन्ने गरेको पाइन्छ । तर

---

23 प्राचीन नेपाल, संख्या ८१ वैशाख जेठ २०४१, पृष्ठ ६ नेपाली खण्ड

बझाङ्, दाङ्ग तिर बसोबास गरेका केही खड्काहरूले भने आफूलाई पुँवारवंशी भए पनि भारद्वाज गोत्री भनि बताउने गरेका छन् । त्यस्तै बझाङ्ग तिरको केही पुँवार खड्काहरूले आफूलाई कश्यप गोत्री बताउने गरेको पनि सुनिन्छ । यस बाहेक पुँवार शब्दकै सम्बन्धमा पनि कही 'पवार", कही 'पुवाँर' कही 'पुँवार' 'पुँवर' भन्ने प्रचलनमा आएको देखिन्छ । यसरी थरको नाम र गोत्रमा स्थान अनुरुप केही भिन्नता जस्तो देखिए पनि सबैले आफूलाई पुँवारवंशी नै बताउने गरेका हुँदा यसबाट वंश विशेषमा भने कुनै फरक पर्ने देखिँदैन ।

हाल खड्काहरूमा पुँवार बाहेक अन्य विभिन्न किसिमका उप-थरहरू वंश विशेषबाट बनेको नभई प्रायः थात थलोको नामबाट बनेको देखिन्छ । उदाहरणार्थ, पाल्पामा बस्ने गरेका खड्काहरू आफूलाई "पाल्पाली खड्का" भनि बताउँछन् भने खप्तडमा बस्ने गरेका खड्काहरू "खप्तडी खड्का", कालीकोटमा बस्ने गरेका खड्काहरू "कालीकोटे खड्का" लकाङ्मा बस्ने गरेका खड्काहरू लकाङी खड्का" आदि कहलाउँछन् । समय बित्दै जाँदा एकै वंशका व्यक्तिहरूमा पनि स्थानीयता, भाषा, संस्कृति आदिको प्रभाव परि यस प्रकार थर, गोत्रमा अन्तर आएको कुरा ऐतिहासिक दृष्टिबाट नौलो होइन ।

यातायात तथा संचारको प्रबन्ध नभएको पहिलेको समयमा एकै ठाउँबाट फुटेर हिँडेको एकै वंशका सन्तान पनि आपसमा भेटघाट तथा सम्पर्क हुन नसकेपछि विस्तार विस्तार स्थान विशेषको रीतिरिवाज, भाषा तथा हावापानीको प्रभाव, सामाजिक तथा राजनैतिक बाध्यता आदि कारणबाट कालान्तरमा थर गोत्र तथा बोलीचालीको ढाँचामा फरक देखिनु कुनै अस्वाभाविक कुरा होइन । यस्ता कुराहरूको प्रमाण इतिहासमा पनि प्रशस्त पाइन्छन् ।

त्यस्ता उदाहरणको लागि भनौं पहिले धारानगरीबाटै आएका उदय भट्टका सन्तान ६ पुस्तासम्म भट्ट नै रहेका र त्यसपछि आफू बसोबास गरेको स्थान विशेषको नामबाट उनकै सन्तानहरू कोही पौडेल, कोही सिग्देल, कोही अर्याल र कोही पोखरेल थरमा बदलिएको कुरा उनीहरूकै सन्तानबाट थाहा हुन आएको छ ।२४

---

24 गोरखाका दण्डपाणी अर्याल संगको वार्ताबाट

त्यस्तै बलीराजका पुर्खा कालै गाउँमा आवाद भएदेखि कालै गाउँका बासिन्दाको नाताले स्थानसँग सम्बन्धित हुँदा कल्याल थर भएको र बाजुरा जिल्ला कोटिला गा.पं. अन्तर्गत पर्ने छातीकोटका सामन्तहरू पनि त्यस ठाउँको नाताले थरै छत्याल बनेको कुरा पूर्णप्रकाश नेपाल "यात्री"ले पनि उल्लेख गुर्नभएको छ ।२५

यस प्रकार थर मात्र होइन पहिले आवश्यकता अनुसार गोत्र पनि परिवर्तन गर्ने चलन चलेको पाइन्छ । उदाहरणको लागि, श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको सुरुको गोत्र भारद्वाज थियो र पछि काशीमा गई सुरुको गोत्र त्यागी काश्यप गोत्र अपनाएको कुरा धरणीधर दहालले उल्लेख गर्नुभएको छ ।"२६

त्यस्तै कालीकोट दरा महादेव गाउँबाट जुम्ला अशीदराको आचार्य गाउँको गराली डाँडामा आइ बसेका दील्पा महतराका सन्तानहरूको सुरुको गोत्र चाखुल्या थियो । पछि गराली डाँडामा आइसकेपछि काश्यप गोत्रमा परिणत भएको देखिन्छ ।२७

शाके १००५ मा जुगाडा राज्यको कार्की पदमा नियुक्ति पाएका श्रीपाली पण्डित जसु पाध्या थरै कार्कीमा परिणत भए पछि पराशर गोत्र त्यागी काश्यप गोत्र ग्रहण गरेको कुरालाई पनि प्रमाणको रुपमा लिन सकिन्छ ।२८

त्यसैगरी चौधौ शताब्दी तिरका सिंजाका राजखलकको भण्डार रेखदेख गर्ने राजखलकसँग सम्बन्धित विर्तावाल समुदाय भँडारी (भण्डारी) भनिन्थे । पछि यिनीहरू आ-आफ्नो सुविधा अनुसार विभिन्न थात थलोमा बस्न थाले, जस अनुसार यिनीहरूको गोत्रमा पनि विविधता देखा पऱ्यो । यिनीहरूमध्ये डोटी निरौला गाउँका बासिन्दा निरौला भँडारी "भारद्वाज" कहलिए, रघुवंशी भँडारी "कौशिक" र

---

25 पूर्णप्रकाश नेपाल "यात्री" गगनी राजको यात्रा,पृष्ट-२३,२७ र ५०

26 धरणीधर दहाल-जाति, भाषा र लिपि, भाग २, पृष्ठ-५४ र ५५

27 नेपाली त्रैमासिक अंक ९२, पृष्ठ-२९

28 प्राचीन नेपाल, संख्या ८१, पृष्ठ ६

सिजापति थान्सिंगे भँडारी “वशिष्ठ” भए भन्ने हंसपुरे सुवेदीको आलेखबाट देखिन आउँछ ।[29]

यस बाहेक कतिपय व्यक्तिहरू विभिन्न कारणवश आफू जन्मिई बसोवास गरेका ठाउँबाट वा आफ्ना परिवारबाट विस्थापित भई अरु नै विरानो ठाउँमा रहन बाध्य भएको अवस्थामा आफ्नो वंश, थर गोत्र आदिको ज्ञान नभई त्यस ठाउँका मानिसहरूले वा पुरोहित आदिले पछि दिएको वंश, थर, गोत्र आदि ग्रहण गरेपछि फरक जस्तो देखिने गरेको पनि पाइन्छ । त्यस्तै अन्तरजातिय सम्बन्धबाट जन्म भएकाहरूको बाबु वितिसकेका र आमालाई बच्चाको बाबुको जात, थर, गोत्रको ज्ञान नभएको कारण त्यस्ता बच्चालाई मावली पट्टिको, जात, थर, गोत्र दिइएको पनि सुनिएको छ । कतिपय आफ्नो गोत्र थाहा नपाएका यजमानलाई पुरोहितहरूले काश्यप गोत्र दिने प्रचलन पनि छ ।

यस किसिमबाट एकै वंश, थर, गोत्रका सन्तानहरू पनि समय समयमा यस्तै विभिन्न कारणवश फरक फरक जात, थर, गोत्रमा परिणत हुने गरेको पाइएको हुँदा पुँवार खड्काहरूको पनि यस्तै कारणबाट विभिन्न उपथर र विभिन्न गोत्रहरू हुन गएको हो कि भन्ने अनुमान हुन्छ । अतः यस तर्फ सम्बन्धित व्यक्तिहरूद्वारा अझ गहन अध्ययन हुन सके आधिकारिक तथ्य प्रकाशमा आउने आशा राख्न सकिन्छ ।

पुँवार खड्काहरूमा “बरभैया” र “अठभैया” भन्ने चलन पनि यदाकदा पाइन्छ । यस सम्बन्धमा कसैले नन्दिनी गाईको दाहिने पट्टिको पौन (फुँकार) बाट उत्पन्न भएका बाह्रभाइलाई बरभैया र देब्रे पट्टिको पौन (फुँकार)बाट उत्पन्न भएका आठ भाइलाई अठभैया भनिएको हो भन्दछन् भने अन्य कसैले चाहिं जेठी पत्नी पट्टिका बाह्रभाइलाई बरभैया र कान्छी पत्नी पट्टिका आठभाइलाई अठभैया भनिएको हो भन्ने गरेको पाइन्छ ।

माथी उल्लेख भएका कुराहरुबाट के थाहा हुन्छ भने जुन वेला वर्तमान राष्ट्रहरुको अहिलेको जस्तो भौगोलिक सीमा कायम भएको थिएन र नेपाल लगाएत हालको

29 नेपाली थरका गुत्थी यस्तै छन् ...... गो.प. ०५३/८/१५

सम्पूर्ण दक्षिण तथा दक्षिण पूर्वी एशियाको भू भागनै आर्यावर्तको नामबाट परिचित थियो त्यतिवेलै आर्यावर्त भूमिमा पुँवारहरुको उत्पत्ति भइसकेको थियो ।

## सन्दर्भ सामग्री सुची


१ श्री विष्णुगजाधर खड्कासँग भएको वंशावली ।

२ संक्षिप्त महाभारत प्रथम खण्ड, गीता प्रेस पृष्ठ ९६ ।

३ डा. रमाशंकर त्रिपाठी - प्राचीन भारतका इतिहास, पृष्ठ २७० ।

४ राजस्थान इतिहास, दोस्रो भाग

५ Dr. Ashirbadi Lal Srivastava - The Sultanate of Delhi

६ -J. Allan, M.A./Sir T.Waiseley Haig K.C.I.E., C.S.I., E.M.G., M.A., H.H. Dodwill, M.A., -The Cambridge Shorter History of India

७ डोटीका तत्कालीन रा.प.स. लालबहादुर खड्कासँगको वार्ताबाट ।

८ प्राचीन नेपाल अंक ३०-३९ ।

९ योगी नरहरि नाथ - इतिहास प्रकाशमा सन्धिपत्र संग्रह-पूर्णपाठ ।

१० योगी नरहरि नाथ - इतिहास प्रकाशमा सन्धिपत्र संग्रह, ।

११ प्राचीन नेपाल संख्या ३०-३९, ।

१२ रत्नाकर देवकोटा - नेपाली त्रैमासिक अंक ९२ ।

१३ भोजपुर दाँवाका स्व. सुब्बा दुर्गाबहादुर खड्का सँगको वार्ताबाट ।

१४ बाबुराम आचार्य - नेपालको संक्षिप्त वृत्तान्त खण्ड १,।

१५ योगी नरहरिनाथ - इतिहास प्रकाशमा सन्धिपत्र संग्रह, पृष्ठ-३७३ र सरदार भक्ति थापा स्मृति ग्रन्थ, २०५६,।

१६ पूर्णप्रकाश नेपाल ‘यात्री’- सेती अंचल दिग्दर्शन, ।

१७ प्राचीन नेपाल, संख्या ८१, वैशाख जेठ २०४१, नेपाली खण्ड ।

१८ दीपबहादुर खड्का - मेरो आत्मकथा, दोस्रो संस्करण २०५४,।

१९ योगी नरहरि नाथ - इतिहास प्रकाश, अंक २ भाग १,।

२० बालकृष्ण पोखरेल - पाँचसय वर्ष - ६ र ७।

२१ कर्णाली प्रदेश एक बिटो अध्ययन।

२२ प्राचीन नेपाल, संख्या ८१ वैशाख जेठ २०४१, पृष्ठ ६ नेपाली खण्ड ।

२३ गोरखाका दण्डपाणी अर्याल संगको वार्ताबाट ।

२४ पूर्णप्रकाश नेपाल “यात्री” गगनी राजको यात्रा,।

२५ धरणीधर दहाल-जाति, भाषा र लिपि, भाग २,।

२६ नेपाली त्रैमासिक अंक ९२,।

२७ प्राचीन नेपाल, संख्या ८१,।

२८ नेपाली थरका गुत्थी यस्तै छन् ...... गो.प. ०५३/८/१५


**+** लेखक पुर्व डि.आई.जि.,पुवाँर खड्का गुठीका पुर्व अध्यक्ष तथा वर्तमान सल्लाहकार हुनुहुन्छ ।

मुल ग्रन्थ

चिलंखे खड्का

एक छोटो चिनारी

चन्द्र बहादुर खड्का




© Copyright 2013 Puwar Khadka Guthi | Designed by: [Oknepal Inc]